# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

## गाउँसभाको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८२/०९/२८)

यस धवलागिरी गाउँपालिका गाउँसभाको मिति २०८२/०९/२२ मा बसैको गाउँसभाले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरू

१. धवलागिरी गाउँपालिकाको आर्थिक ऐन २०८२ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा
२. धवलागिरी गाउँपालिकाको विनियोजन ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा,
३. धवलागिरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ सम्बन्धमा,
४. गत आ.व. को मौज्दात रकमबाट बजेट विनियोजन, योजना संशोधन तथा रकमान्तर सम्बन्धमा,
५. २०८२ श्रावण १ देखि ऐ. पौष २१ गतेसम्मको कार्यपालिका बैठक तथा प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका निर्णय अनुमोदन सम्बन्धमा,
६. खर्च अनुमोदन सम्बन्धमा,
७. विविध

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा वृहत छलफल गरि सर्वसम्मतले पारित गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाको विनियोजन ऐन २०८२ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा वृहत छलफल गरि सर्वसम्मतले पारित गरियो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ सम्बन्धमा वृहत छलफल गरि सर्वसम्मतले पारित गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाका उपाध्यक्ष श्री रेशम पुन मगर ज्युले गत आ.व.को मौज्दातबट पेश गर्नुभएको रू ४,००,००,०००/- (अक्षरूपी रू चार करोड रुपैंयाबाट विभिन्न अनुसूची -१ मा प्रस्तवित पालिकास्तरीय योजना, अनुसूची -२ मा प्रस्तावित वडा स्तरीय योजना र अनुसूची ३ मा प्रस्तावित रकमान्तर/शीर्षकातन्तर संशोधित योजना संशोधन सहित पारित गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ३ माथि छलफल गर्दा २०८२ श्रावण १ देखि २०८२ पौष १५ सम्म बजेट कार्यान्वयन लगायत विविध विषयमा कार्यपालिका बैठक तथा प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका अनुसूची-४ मा उल्लेखित लगायतका सम्पूर्ण निर्णयहरू माथि छलफल गरी सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

६. धवलागिरी गाउँपालिकाबाट मिति २०८२ पौष १५ गतेसम्म भएका सम्पूर्ण खर्चहरूमाथि छलफल गरि सम्पूर्ण खर्चहरूलाई अनुमोदन गर्ने निर्णय गरियो।

७. विविध अन्तर्गत देहाय बमोजिम निर्णय गरियो।

क. आ.व. २०८२/८३ को बजेट कार्यान्वयनको लागि आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन मापदण्ड निर्माण गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने,

ख. तत्काल कानून / कार्यविधि तथा निर्देशिका तयार नभएका विषयमा प्रचलित कानून विपरित नहुने गरी कार्यपालिको निर्णयको आधारमा काम कारवाही सञ्चालन गर्ने,

ग. दैवि प्रकोप पीडित तथा गम्भीर प्रकृतिका दिर्घरोगीको लागि राहत एवं आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनार्थ त्यस्ता व्यक्तिको पहिचान गर्ने अन्तिम अधिकार गाउँपालिका अध्यक्षलाई प्रदान गर्ने,

घ. आ.व २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम, शीर्षक नं.२२४१९ अध्यक्ष तोक आदेश बमोजिम भुक्तानी खर्च अन्तर्गत कार्यविधि तयार नभएसम्मको लागि मितव्ययीता, प्रभावकारीता हुने गरी एकपटकमा बढीमा २५,०००/- (पच्चिस हजार) मा नबढ्ने गरी आवश्यक निर्णय/आदेश गर्न गाउँपालिका अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने,

ङ. गाउँकार्यपालिकाको कार्यालय तथा मातहत सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको म्याद २०८३ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो। साथै स्विकृत दरबन्दी तथा स्विकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न कुनै कर्मचारी सेवा करारमा नियुक्त गर्नुपर्ने भएमा पदपूर्ति प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने,

च. चालु आ.व.को वर्षे गाउँसभाबाट रकम विनियोजन भई उपभोक्ता समितिसँग सम्झौता भईसकेका योजनाहरुमा यस गाउँसभाबाट थप रकम विनियोजन भएको अवस्थामा थप बजेटको समेत संशोधित लागत अनुमान तयार गरि थप भएको बजेटको समेत साविककै उपभोक्ता समितिबाट योजना कार्यान्वयन गर्नका लागि उपभोक्ता समितिलाई कार्यदेश दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने तथा अधिकार प्रदान गर्ने निर्णय गरियो।